**श्री नं.२६ बाहिनी अड्डाको आ.ब.२०७२/०७३ को राशन ठेक्का बन्दोवस्तको बोलपत्र स्वीकृत गर्ने आशयको**

**सूचना ! सूचना !! सूचना !!!**

**मिति २०७२/०९/१३ गते ।**

यस नं.२६ बाहिनी अड्डा र समुहमा आवद्ध श्री नं.२६ फि.ए.गुल्म, भकुण्डेबेसी, श्री खड्गदल गण, धुलिखेल, श्री वीरेन्द्र शान्ति कार्य तालिम केन्द्र, पांचखाल (शा.से.मा भाग लिन आउने फौज समेत) तथा भविष्यमा यस जिल्लामा तैनाथ हुन आउने नेपाली सेनाका सकल दर्जाहरुलाई र नं.२६ फि.ए.गुल्ममा बिरामी भई बेड भर्ना हुन आउने बिरामीहरु लाई समेत मिति २०७२ माघ ०१ गतेदेखि २०७३ साल पौष मसान्ततक वा अर्को नयां राशन ठेक्का बन्दोवस्त नहुन्जेल सम्मको लागि आवश्यक पर्ने साधारण राशन र बिरामी डाईट सामाग्रीको ठेक्का बन्दोवस्त गर्ने सन्दर्भमा श्री राशन ईन्धन र परिवहन महाशाखाबाट मिति २०७२/०६/२८ गते गोरखापत्रमा सिलवन्दी वा विद्युतीय बोलपत्र (E-Bidding) आव्हानको सूचना प्रकाशित भए बमोजिम यस बाहिनी अड्डामा गठित राशन ठेक्का बन्दोवस्त वोर्ड समक्ष मिति २०७२/०८/०३ गतेको १२:०० बजेसम्म पेश हुन आएको बोलपत्र थान- ७ (सात) सोही मितिको १३:०० बजे उक्त बोर्ड तथा बोलपत्रदाताहरु वा तीनको प्रतिनिधिहरुको रोहवरमा खोलुवा कार्य हुंदा पर्न आएको सिलवन्दी बोलपत्रहरु सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ को २ बमोजिम रितपुर्वक भएका बोलपत्रहरु मध्ये श्री पशुपतिनाथ ईन्टरनेशनल प्रा.लि.सानेपा २ ललितपुरको बोलपत्र स्वीकृतिको लागी छनौट भएको, निजको साधारण राशन तर्फ प्रतिव्यक्ति प्रतिदिनको कबोल दर रु.९४।८९७ (चौरानव्बे रुपैया र पैसा उनानव्बे दाम सात) ले बार्षिक कबोल अंक जम्मा रु.८,०५,३१,९६६।६२५ (आठकरोड पांचलाख एकतीसहजार नौसय छैसठ्ठि रुपैया र पैसा बैसठ्ठि दाम पांच) र बिरामी डाईट तर्फ बार्षिक कबोल अंक जम्मा रु.५,१२,५१६।९७८ (पांचलाख बाह्रहजार पांचसय सोह्र रुपैया र पैसा सन्तानव्ये दाम आठ) गरि कूलजम्मा बार्षिक कबोल अंक रु.८,१०,४४,४८३।६०३ (आठकरोड दशलाख चौवालीसहजार चारसय त्रियासी रुपैया र पैसा साठी दाम तीन) भएकोले उक्त फर्मको बोलपत्र प्रस्ताव सार्वजनिक खरिद ऐनको दफा २७ को १ बमोजिम न्यूनतम मुल्यांकित सारभुतरुपमा प्रभावग्राही बोलपत्र छनौट गरी **"हेडक्वार्टर सुपरिवेक्षण र जांचबुझ बोर्ड"** मा परिक्षणको लागि लेखि पठाईएकोमा श्री राशन ईन्धन र परिवहन महाशाखाको पत्रसंख्या: २३३७/फु.रा.क./१५/०७२/७३/ठे/१४, मिति २०७२/०९/१३ गतेबाट विभागीय कारवाही भई सोको जानकारी समेत प्राप्त हुन आएकोले सोही ऐनको दफा २७ को २ बमोजिम श्री पशुपतिनाथ ईन्टरनेशनल प्रा.लि.सानेपा २ ललितपुरको बोलपत्र स्वीकृत गर्ने आशयको यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

२. साथै असफल बोलपत्रदाताहरुले आफुले बोलपत्र साथ पेश गरेको बोलपत्र जमानत ठेक्का स्वीकृती भई खरिद संझौता भएको ३ (तिन) दिन भित्र सार्वजनिक खरिद नियमावली २०६४को नियम ५३ को उपनियम (८) अनुसार बोलपत्र जमानत फिर्ता/फुकुवा गरिने र असफल बोलपत्रदाताहरुले पेश गरेको राशन सामानहरुको नमुना फिर्ता लिन खरिद संझौता भएको ७ (सात) दिन भित्र सोही नियमावलीको नियम ६८ बमोजिम यस बाहिनी अड्डामा लिखित रुपमा अनुरोध गर्नुहुन समेत यो सुचना प्रकाशित गरिएको व्यहोरा अनुरोध ।